**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०७ जून २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- गृह मंत्री अमित शाहले अंतरराष्ट्रीय सीमाहरुमा वित्तीय लेनदेन, भवन निर्माण अनि संपत्तिहरुको खरीद-बिक्री माथि कडा निगरानी राख्ने आह्वान गर्नुभएको छ।
- विदेश मंत्री एस. जयशंकरले नयाँ दिल्लीमा नेपालका विदेश मंत्री शिशिर खनालसित भेट गर्नुभयो।
- अंतर्राष्ट्रीय हवाई परिवहन संघले एशिया-प्रशांत क्षेत्रमा विमाननको विकासमा भारतको भूमिकालाई महत्वपूर्ण बताएको छ।
- राष्ट्रीय परीक्षण एजेंसीले सोशल मीडिया अनि मैसेजिंग प्लेटफॉर्ममा प्रसारित भैरहेको नीट (यूजी) 2026 पुनर्परीक्षाको प्रश्न पत्रको कथित रूपमा लीक सम्बंधित झुठो खबरहरुको खंडन गरेको छ।
- सैफ महिला चैम्पियनशिप 2026 को फाइनलमा भारतले बर्तमान चैंपियन बांग्लादेशलाई 3-1 ले पराजित गरेर रिकॉर्ड छैटौ पल्ट खिताब आफ्नो नाम गरेको छ।

**<u>अमित शाह - सीमा</u>**

गृह मंत्री अमित शाहले अंतरराष्ट्रीय सीमाहरुमा वित्तीय लेनदेन, भवन निर्माण अनि संपत्तिहरुको खरीद-बिक्री माथि कडा निगरानी राख्ने आह्वान गर्नुभएको छ। यो निर्देश श्री शाहको अध्यक्षतामा बीएसएफ को त्रिपुरा सीमा मुख्यालयमा पूर्वोत्तर राज्यको सीमावर्ती क्षेत्रहरुको संबंधमा भएको बैठकको अवधि दिईएको हो । गृह मंत्रीली बिगत पांच बर्षहरुको भूमि अभिलेखहरुको जांच गर्ने पनि निर्देश दिनुभएको छ। श्री शाहली भन्नुभयो - मादक पर्दार्थहरु अनि हथियारहरुको तस्करी बिरुद्ध लगातार अभियान चलाईनु पर्नेछ अनि मादक पर्दार्थहरुको तस्करीमा सामेल सबै मानिसहरु बिरुद्ध कडा कार्रवाही गरिनु पर्नेछ। उहाले भन्नुभयो कि सीमावर्ती जिज्ल्लाहरुमा वित्तीय अनुशासन सुनिश्चित गर्नु राज्यहरुको जिम्मेवारी हो। श्री शाहले कलेक्टरहरु अनि जीएसटी अधिकारिहरुलाई प्रशिक्षित गर्ने अनि केंद्रीय प्रत्यक्ष कर बोर्ड (सीबीडीटी) लाई नकली मुद्राको सर्वेक्षण गर्ने निर्देश दिनुभयो । गृह मंत्रीली भन्नुभयो कि सीमावर्ती क्षेत्रहरुमा बसोबास गर्ने मानिसहरुलाई मादक पर्दार्थहरु अनि हथियारहरुको खतरासित जुझ्नको लागि प्रशिक्षित गर्न शिविर आयोजित गरिनुपर्नेछ अनि ती शिविरहरुमा स्थानीय पुलिस अनि बीएसएफ कर्मिहरुको उपस्थिति सुनिश्चित गर्ने निर्देश पनि उहाले दिनुभयो।बैठकमा यस बिषय माथि जोर दिईएको छ कि प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा केंद्र सरकार, अंतरराष्ट्रीय सीमाहरुमा उच्चतम स्तरको सुरक्षा सुनिश्चित गर्नको लागि दृढ़ संकल्पित छ , साथै सीमावर्ती क्षेत्रहरुको समग्र विकास अनि सुरक्षाको लागि केंद्रीय अनि राज्य एजेंसिहरु बीच घनिष्ठ समन्वयलाई बढ़ावा दिईरहेको छ । बैठकमा त्रिपुराका मुख्यमंत्री माणिक साहा, मुख्य सचिव जे.के. सिन्हा, डीजीपी अनुराग धनखड़ अनि अन्य वरिष्ठ अधिकारिहरु साथै सबै आठ सीमावर्ती जिल्लाहरुका जिला मजिस्ट्रेट अनि पुलिस अधीक्षक पनि उपस्थित थिए।

**<u>जयशंकर-नेपालका विदेश मंत्री</u>**

विदेश मंत्री एस. जयशंकरले नयाँ दिल्लीमा नेपालका विदेश मंत्री शिशिर खनालसित भेट गर्नुभयो। बैठक पछि श्री जयशंकरली बर्ष 2015 को भूइचालोपछि पुनर्निर्माण कार्यक्रम अन्तर्गत नेपाललाई 72 स्वास्थ्य सुविधाहरु अनि 12 सांस्कृतिक विरासत परियोजनाहरु वर्चुअल माध्यम द्वारा सुम्पिनुभयो। दुवै नेताहरुले दुवै देश बीच व्यक्तिगत रूपले धनको लेन-देनलाई सुगम

बनाउनको लागि यूपीआई समन्वयको संयुक्त रूपमा  शुभारंभ गरे। दुवै नेताहरुले डिजिटल इंडिया भाषिनी अनि काठमांडू विश्वविद्यालय बीच नेपालको लागि 'वॉयस फर्स्ट' भाषा अनुवाद मंचको लागि  राष्ट्रीय डिजिटल अवसंरचनाको सह-निर्माणका लागि एक समझौता ज्ञापन  आदान-प्रदान पनि गरे। डॉ. जयशंकरले दुवै देशका मानिसहरुको  पारस्परिक प्रगति, समृद्धि अनि कल्याणको लागि नेपालसित मिलेर काम गर्ने  भारतको प्रतिबद्धता पनि दोहोर्याउनुभयो। उहाले नेपालमा बनेको युवा नेतृत्वको सरकारको सफलताका लागि शुभकामना दिनुभयो।   विदेश मंत्रीले भन्नुभयो कि दुवै देश बीच व्यापार, वाणिज्य, निवेश, ऊर्जा, विकास सहयोग, शिक्षा, आपदा राहत अनि संस्कृति जस्ता क्षेत्रहरुमा द्विपक्षीय सम्बंध लगातार विकसित भएको छ।   सोशल मीडिया पोस्टमा डॉ. जयशंकरले बैठकमा विकास सहयोग, संपर्क, ऊर्जा, विशेष रूपले जलविद्युत विकास, शिक्षा, स्वास्थ्य, क्षमता निर्माण, डिजिटल, संस्कृति अनि खेल सहित अद्वितीय साझेदारी माथि विस्तृत चर्चा भएको बताउनुभयो। श्री खनालले भन्नुभयो कि भारत नेपालको सबैभन्दा महत्वपूर्ण साझेदार हो अनि  नेपालले भारतलाई सर्वोच्च प्राथमिकता दिएको छ। उहाले भन्नुभयो कि नेपाल अनि भारत दुई देश मात्र नरहेर एउटा गौरवशाली प्राचीन सभ्यताको  साझेदार पनि हो। उहाले पश्चिम एशिया संकट बीच ईंधन अनि उर्वरक आपूर्तिको लागि भारत प्रति आभार व्यक्त गर्नुभयो। श्री खनाल तीन दिवसीय यात्रामा भारत आउनु भएको छ।

## IATA – भारतमा उड्डयन वृद्धि

अन्तर्राष्ट्रिय हवाई परिवहन संघ (IATA) ले एसिया-प्रशान्त क्षेत्र भित्र उड्डयनको विकासमा भारतको महत्वपूर्ण भूमिकालाई प्रकाश पारेको छ। यस क्षेत्रमा २०४४ सम्ममा हवाई यात्रुहरूको संख्या ४.१ अर्ब पुग्ने अनुमान गरिएको छ। एसिया-प्रशान्त क्षेत्रका लागि IATA का उपाध्यक्ष शेल्डन हीले हिजो ब्राजिलमा भन्नु भएको छ भारतले धेरै वर्षदेखि यस क्षेत्रमा उड्डयन वृद्धिमा महत्वपूर्ण योगदान दिइरहेको छ। उहाँले भारत विश्वको सबैभन्दा छिटो बढ्दो घरेलु नागरिक उड्डयन बजारहरू मध्ये एक भएको उल्लेख गर्नु भयो। श्री हीले यो पनि टिप्पणी गर्नु भयो एसिया-प्रशान्त क्षेत्रले विगत पाँच देखि दश वर्षमा बलियो वृद्धि देखेको छ र भविष्यमा यो बलियो गति कायम राख्ने अपेक्षा गरिएको छ। IATA ले ३७० भन्दा बढी एयरलाइन्सको प्रतिनिधित्व गर्दछ, जसले विश्वव्यापी हवाई ट्राफिकको लगभग ८५ प्रतिशत ओगटेको छ। ८२ औं IATA वार्षिक साधारण सभा र विश्व हवाई परिवहन  शिखर सम्मेलन जुन ६ देखि ८ सम्म ब्राजिलमा आयोजना हुन गैरहेको छ

## **एनटीए - नीट अफवाह**

राष्ट्रीय परीक्षण एजेंसीले सोशल मीडिया अनि मैसेजिंग प्लेटफॉर्ममा  प्रसारित भैरहेको नीट (यूजी) 2026 पुनर्परीक्षाको प्रश्न पत्रको कथित रूपमा  लीक, अग्रिम पहुंच वा बिक्रीसित सम्बंधित झुठो खबरहरुको खंडन गरेको छ। एजेंसीले भनेको छ कि यी छात्रहरु अनि उनीहरुका परिवारहरुको चिंताको लाभ उठाउने संगठित फर्जी गिरोहहरुको काम हो। एजेंसीली जोर दिंदै भनेको छ कि परीक्षा प्रक्रियाको निष्पक्षता पूर्ण रुपमा बनिएको छ अनि उम्मीदवारहरुका लागि निष्पक्ष अनि सुरक्षित परीक्षा सुनिश्चित गर्न सबै  आवश्यक सुरक्षा उपाय गरिएको छ। एजेंसीले भनेको छ कि सक्रिय रूपले  आपत्तिजनक चैनलहरु , खाताहरु अनि सामग्री चिन्हित गरेर सम्बंधित प्लेटफॉर्म अनि साइबर अपराध अधिकारिहरुलाई तत्काल कार्रवाहीको लागि  सूचना उपलब्ध गराईरहेको छ।

## **पश्चिम बंगाल-धार्मिक स्थल**

पश्चिम बंगालका मुख्यमंत्री सुभेंदु अधिकारीले भन्नुभएको छ कि भारतीय जनता पार्टी सरकारले प्रमुख धार्मिक स्थलहरु , दक्षिणेश्वर अनि कालीघाट मंदिरहरुमा सुविधाहरु बढ़ाउनको लागि विकास कार्य गर्नेछ। मुख्यमंत्रीले भन्नुभयो कि गंगा सागर मेलालाई अंतरराष्ट्रीय मानकहरु अनुरूप बनाउने कार्य शुरू भैसकेको छ , साथै दक्षिणेश्वर अनि कालीघाट जस्ता प्रमुख धार्मिक स्थलहरुको सुविधामा पनि सुधार गरिनेछ। पूर्व तृणमूल कांग्रेस सरकार माथि मुख्यमंत्रीले आरोप लगाउनुभयो कि बिगत 15 बर्षहरुमा पश्चिम बंगाल रोजगारका अवसरहरुको कमी अनि भ्रष्टाचारले ग्रस्त रह्यो। श्री अधिकारीले भन्नुभयो कि तृणमूल कांग्रेस शासनको अवधि विकासको सट्टा तुष्टिकरणको राजनीतिलाई प्राथमिकता दिईयो।

## युक्रेन-सेन्ट पिटर्सबर्ग आक्रमण

रूसमा भइरहेको वार्षिक आर्थिक मञ्चको अन्तिम दिन, युक्रेनले सेन्ट पिटर्सबर्ग र यसको वरपरका क्षेत्रहरूमा अभूतपूर्व हमला गरेको छ।गभर्नर अलेक्ज्याण्डर ड्रोजडेन्कोले लेनिनग्राद क्षेत्रमा १४० भन्दा बढी ड्रोनहरू खसालेको रिपोर्ट गरे। दुई राष्ट्रहरू बीचको युद्ध सुरु भएदेखि पहिलो पटक, शहरका गभर्नरले बासिन्दाहरूलाई घर भित्रै बस्न आग्रह गरे। ड्रोजडेन्कोले भने कि कुनै ठूलो क्षतिको रिपोर्ट गरिएको छैन; यद्यपि, ड्रोनको भग्नावशेष धेरै जिल्लाहरूमा खसेको छ, जसले गर्दा आवासीय भवनहरूमा सामान्य क्षति भएको छ। युक्रेनी राष्ट्रपति जेलेन्स्कीले भने कि उनको देशको ड्रोनहरूले रूसी नौसेना शस्त्रागार र क्रोन्स्ट्याडमा रहेको आधारलाई लक्षित गर्दै सेन्ट पिटर्सबर्ग क्षेत्रमा पुग्न १,००० किलोमिटरको दूरी यात्रा गरे। क्रोन्स्ट्याडमा रूसी नौसेनाको बाल्टिक फ्लीटको मुख्य चौकी छ।जेलेन्स्कीले भोलि बेलायतको भ्रमण गर्ने र युक्रेनका केही कट्टर युरोपेली सहयोगीहरूसँग वार्ता गर्ने अपेक्षा गरिएको छ|

## सैफ महिला चैम्पियनशिप

सैफ महिला चैम्पियनशिप 2026 को फाइनलमा भारतले बर्तमान चैंपियन बांग्लादेशलाई 3-1 ले पराजित गरेर रिकॉर्ड छैटौ पल्ट खिताब आफ्नो नाम गरेको छ। यो म्याच हिज गोवाको मडगांवमा खेलिएको हो। सात बर्ष पछि भारतीय महिला टीमले एक पल्ट फेरि ट्रॉफी आफ्नी नाम गरेको छ।